**भारतीय राजदूतावास**

**काठमाडौँ**

# प्रेस विज्ञप्ति

## नेपालको झापामा विद्यालय भवनको शिलान्यास समारोह

नेपालको कोशी प्रदेश अन्तर्गत झापा जिल्लाको शिवसताक्षी नगरपालिका-६ स्थित श्री जन आदर्श माध्यमिक विद्यालयको भवन निर्माण हेतु आज कोशी प्रदेश सभा सदस्य माननीय श्री राधाकृष्ण खनाल, शिवसताक्षी नगरपालिकाका मेयर श्री मेगाहाङ्ग थोप्रा र काठमाडौँस्थित भारतीय राजदूतावासका द्वितीय सचिव श्री गरिमा नौटियालद्वारा संयुक्त रुपमा शिलान्यास गरियो ।

२. भारत सरकारको आर्थिक सहयोग करिब नेरु. ३ करोड लागतमा यस विद्यालय भवनको निर्माण हुँदैछ । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना झापाको शिवसताक्षी नगरपालिकामार्फत कार्यान्वयन गरिनेछ ।

३.झापाको शिवसताक्षी नगरपालिकाका मेयर तथा अन्य सरोकारवालाहरुले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो साथै यो नयाँ पूर्वाधारले शिवसताक्षी नगरपालिकाका विद्यार्थी तथा शिक्षकहरुका लागि सिकाइ वातावरण सुदृढ गर्न मद्दत पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो ।

४. नजिकका छिमेकीको रुपमा भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहँदै आएको छ । उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा

पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई अगाडि बढाउने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ।

काठमाडौँ

२०८३ असार १७